# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


Volume 18, Issue 4 No. 112 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Kartik 2075 (Nov.-2018)


## कम्पनीको ग्राहक आधार २ करोड भन्दा बढी

नेपाल टेलिकमको टेलिफोन सेवाका ग्राहक आधार २ करोड भन्दा बढी पुगेको छ।

गत २०७५ साउन महिनाको अन्त्यसम्ममा नेपाल टेलिकमको टेलिफोन सेवाका ग्राहक आधार २ करोड २ लाख ५० हजार ९ सय २७ रहेको छ। यसअनुसार जीएसएम मोबाइल सेवाका ग्राहक १ करोड ७८ लाख ४९ हजार ६ सय ९०, सीडीएमए सेवाका ग्राहक १७ लाख २० हजार ३ सय २२ तथा पीएसटीएन टेलिफोन सेवाका ग्राहक ६ लाख ८० हजार ३ सय २३ रहेका छन्। कम्पनीले प्रकाशित गरेको पछिल्लो अर्थात २०७५ साउन महिनाको एमआईएस रिपोर्ट (MIS Report) मा सो तथ्यांक उल्लेख गरिएको छ।

त्यसैगरी डाटा सेवाका प्रयोगकर्ता १ करोड ११ लाख १८ हजार ७ सय ८६ छन्। सो अनुसार जीएसएम डाटा सेवाका प्रयोगकर्ता १ करोड ७ लाख ५२ हजार ४२, सीडीएमए डाटा सेवाका प्रयोगकर्ता १ लाख ३६ हजार ५ सय ७३, वाइम्याक्स सेवाका १७ हजार ७ सय ५० र एडीएसएलका २ लाख ५ हजार ७ सय प्रयोगकर्ता छन्।

## टेलिकमको आकर्षक Autumn Offer

नेपाल टेलिकमले ग्राहकहरुको सुविधाका लागि २२ वटा प्याकेज सहितको आकर्षक अटम अफर (Autumn Offer) सार्वजनिक गरेको छ। उक्त अफर अन्तर्गतको सेवा २०७५ असोज २९ गतेदेखि लागू भई आगामी पौष २८ गतेसम्म लिन सकिने व्यवस्था गरिएको छ।

### १. ह्याप्पी विकेन्ड (Happy Weekend) प्याक

जीएसएम/सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा ह्याप्पी विकेन्ड प्याक प्रयोग गर्न सकिन्छ। ह्याप्पी विकेन्ड प्याक अन्तर्गत शुक्रबार, शनिबार र आइतबार प्रत्येक दिन १ जीबी डाटा प्रयोग गर्न सकिने छ। सो प्याक एक सय रुपैयाँमा प्राप्त हुनेछ र सात दिनसम्म यसको समयावधि हुनेछ।

### २. अल टाइम डाटा प्याक

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा अल टाइम डाटा प्याक प्रयोग गर्न सकिन्छ। यस अन्तर्गत कम्पनीले उपलब्ध गराएका विभिन्न प्याकेजमा ५० प्रतिशत थप बोनस डाटा उपलब्ध गराइने भएको छ।

अब थप बोनससमेत गरी अल टाइम डाटा प्याक अन्तर्गत १० रुपैयाँमा एक दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी २३ एमबी डाटा उपलब्ध हुनेछ। त्यसैगरी २५ रुपैयाँमा सात दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ७५ एमबी डाटा उपलब्ध हुनेछ। ५० रुपैयाँमा २८ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी १५८ एमबी डाटा, १ सय रुपैयाँमा २८ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी ५१० एमबी डाटा, २०० रुपैयाँमा २८ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी १०८८ एमबी डाटा, ३०० रुपैयाँमा २८ दिनसम्म चौबिसै घण्टा उपभोग गर्न पाउने गरी १९१३ एमबी डाटा र ५०० रुपैयाँमा २८ दिनसम्म चौबिसै घण्टा


*(बाँकी २ पेजमा)*


## Dealers' Meet - 2075 सम्पन्न




नेपाल टेलिकमले गत आसोज २६ र २७ गते चितवनको सौराहामा कम्पनीको क्यास कार्ड बिक्री प्रणाली व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम (Dealers' Meet) सम्पन्न गरेको छ।

'क्यास कार्ड बिक्री प्रणाली व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५' सम्बन्धमा जानकारी गराउने एवं बजार प्रवर्द्धन गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा कम्पनीका प्रमुख व्यावसायिक अधिकृत/प्रमुख वित्तीय अधिकृत प्रदीपराज उपाध्यायले कम्पनीको व्यापार प्रवर्द्धनमा डिलरहरुको सहयोगको प्रशंसा गर्दै 'कम्पनीले अघि सारेको कार्ड बिक्री प्रणाली व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ को कार्यान्वयन, अनुगमन तथा नियन्त्रण संयन्त्रलाई प्रभावकारी बनाइने र सुझावका आधारमा क्रमशः सुधार पनि गर्दै लगिने' बताउनु भयो।

कार्यक्रममा कम्पनीको प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका प्रबन्धक रिना डंगोलले व्यापार प्रवर्द्धन सम्बन्धी कम्पनीका आगामी कार्ययोजना प्रस्तुत गर्नु भएको थियो।

उक्त कार्यक्रममा उप प्रबन्धक निर्जल श्रेष्ठले क्यास कार्ड सम्बन्धी, उप प्रबन्धक सञ्जीव श्रेष्ठले एम्पोस सम्बन्धी र व्यापार अधिकृत मनोज कुमार दाहालले सिम कार्ड बिक्री प्रणाली व्यवस्थापन सम्बन्धी प्रस्तुतिकरण गर्नु भएको थियो।

सो अन्तरक्रिया कार्यक्रमा कम्पनीका प्रमुख मानव संसाधन अधिकृत राजुबाबु अर्याल, प्रबन्धकहरु सविना मास्के प्रधान र सुरज सिंह थापालगायत कम्पनीका अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा मुलुकका विभिन्न भागका डिलर प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

(१ पेजको बाँकी)

# टेलिकमको आकर्षक Autumn ...

उपभोग गर्न पाउने गरी ४५०० एमबी डाटा उपलब्ध हुनेछ ।

**३. नाइट टाइम भोल्युम बेस्ड डाटा प्याक**

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा नाइट टाइम भोल्युम बेस्ड डाटा प्याक प्रयोग गर्न सकिन्छ । यसमा पनि थप ५० प्रतिशत बोनस डाटा उपलब्ध हुनेछ ।

थप बोनस समेत गरी नाइट टाइम भोल्युम बेस्ड डाटा प्याक अन्तर्गत अब ५ रुपैयाँमा ६८ एमबी डाटा एक रात (राती १० बजेदेखि बिहान ६ बजेसम्म) प्रयोग गर्न सकिने छ । त्यसैगरी ७ दिनसम्मको अवधिमा राती १० देखि बिहान ६ बजेसम्म ४५ रुपैयाँमा ६३८ एमबी डाटा र २८ दिनसम्मको अवधिको ७६८० एमबी डाटा तीन सय रुपैयाँमा प्रयोग गर्न सकिने छ ।

**४. अनलिमिटेड नाइट टाइम डाटा प्याक**

जीएसएम/सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा अनलिमिटेड नाइट टाइम डाटा प्याक प्रयोग गर्न सकिन्छ । अनलिमिटेड जीएसएम/सीडीएमए नाइट डाटा प्याक अन्तर्गत १५ रुपैयाँमा १ जीबी डाटा राती १० बजेदेखि बिहान ६ बजेसम्म चलाउन पाइने छ । डाटा खरिद गरेको एक दिनसम्म यसको अवधि हुनेछ । त्यसैगरी ८५ रुपैयाँमा ७ दिनसम्म र २ सय ४० रुपैयाँमा २८ दिनसम्म अनलिमिटेड १ जीबी डाटा राती १० बजेदेखि बिहान ६ बजेसम्म प्रयोग गर्न सकिन्छ । उपरोक्त सबै प्याकमा १ जीबी डाटासम्म थ्रिजी/फोरजीको गतिमा चल्ने छ र त्यसपछि २५६ केबीपीएसको गतिमा अनलिमिटेड चल्ने छ ।

**५. अल टाइम सोसियल मिडिया डाटा प्याक**

अल टाइम सोसियल मिडिया डाटा प्याक अन्तर्गत सामाजिक सञ्जाल फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप र ट्वीटर चलाउन सकिने छ । यसमा पनि थप ५० प्रतिशत बोनस डाटा उपलब्ध हुनेछ । थप बोनस समेत गरी ५ रुपैयाँमा ३० एमबी डाटा १ दिन, २५ रुपैयाँमा १३५ एमबी डाटा ७ दिन र १०० रुपैयाँमा ६७५ एमबी डाटा २८ दिनका लागि उपलब्ध हुनेछ । त्यसैगरी २०० रुपैयाँमा १५०० एमबी डाटा २८ दिन समयावधिका लागि उपलब्ध हुनेछ ।

**६. अल टाइम डाटा स्ट्रिमिङ प्याक**

जीएसएम तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलका लागि अल टाइम स्ट्रिमिङ प्याक अन्तर्गत युट्युब र वाउटाइम एप्स चलाउन सकिने छ । यसमा पनि थप ५० प्रतिशत बोनस डाटा उपलब्ध हुनेछ । थप बोनस डाटा समेत गरी ११५ रुपैयाँमा १९५० एमबी डाटा भोल्युम प्राप्त हुनेछ । यो प्याकेज २८ दिनको अवधिसम्म प्रयोग गर्न सकिने छ । त्यसैगरी ४५ रुपैयाँमा ६०० एमबी डाटा ७ दिन अवधिका लागि र १० रुपैयाँमा १५० एमबी डाटा १ दिनका लागि उपलब्ध हुनेछ ।

**७. अल टाइम फोरजी डाटा प्याक**

अल टाइम जीएसएम फोरजी डाटा प्याकमा पनि थप ५० प्रतिशत बोनस डाटा उपलब्ध हुनेछ । थप बोनस डाटा समेत गरी १२ रुपैयाँमा ३८ एमबी डाटा १ दिनका लागि, ५० रुपैयाँमा २५५ एमबी डाटा ७ दिनका लागि र १०० रुपैयाँमा ६०० एमबी डाटा २८ दिनका लागि उपलब्ध हुनेछ । त्यसैगरी २०० रुपैयाँमा १५३६ एमबी, ३०० रुपैयाँमा २६१२ एमबी र ५०० रुपैयाँमा ४६०८ एमबी डाटा २८ दिन समयावधिका लागि उपलब्ध हुनेछ ।

**८. जीएसएम थ्रिजी/फोरजी एक जीबी प्रतिदिनको डाटा प्याक**

जीएसएम थ्रिजी/फोरजी एक जीबी प्रति दिन डाटा प्याक अन्तर्गत ४५ रुपैयाँमा १ जीबी डाटा १ दिनका लागि, २५० रुपैयाँमा ७ जीबी डाटा ७ दिनका लागि र ८५० रुपैयाँमा २८ जीबी डाटा २८ दिनका लागि उपलब्ध हुनेछ । यसमा प्रतिदिन २० मिनेट स्ट्रिमिङ प्याक बोनसको रुपमा प्राप्त हुनेछ ।

**९. अल टाइम भ्वाइस प्याक**

जीएसएम तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा भ्वाइस प्याक अन्तर्गत एक दिनका लागि १० रुपैयाँमा ११ मिनेट भ्वाइस कल प्राप्त हुने व्यवस्था गरिएको छ । त्यसैगरी २५ रुपैयाँमा ३० मिनेटको प्याकेज ३ दिन अवधिका लागि उपलब्ध छ । ५० रुपैयाँमा ५ दिनका लागि ७५ मिनेट, १०० रुपैयाँमा १० दिनका लागि १९० मिनेट, २०० रुपैयाँमा २८ दिनका लागि ४०० मिनेट र ५५० रुपैयाँमा ६० दिनका लागि ११६० मिनेट कल उपलब्ध गराइएको छ । सो कल नेपाल टेलिकमको नेटवर्कभित्रका लागि मात्र उपलब्ध हुनेछ ।

**१०. नाइट टाइम भ्वाइस प्याक**

जीएसएम तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा नाइट टाइम भ्वाइस प्याक अन्तर्गत ५ रुपैयाँमा १ दिनसम्म ३० मिनेट, १२ रुपैयाँमा १ दिनसम्म असीमित (अनलिमिटेड) समय, २५ रुपैयाँमा ७ दिनसम्म २४० मिनेट र १०० रुपैयाँमा २८ दिनसम्म ११०० मिनेट कल गर्न सकिने छ । सो प्याक राती १० बजेदेखि बिहान ६ बजेसम्म कम्पनीकै नेटवर्क भित्र मात्र प्रयोग गर्न सकिने छ ।

**११. सीयूजी प्याकेज**

कम्पनीले कर्पोरेट ग्राहकहरुका लागि कन्भर्ज्ड सीयूजी (कर्पोरेट युजर ग्रुप) प्याकेज उपलब्ध गराएको छ । जीएसएम/सीडीएमएका प्रिपेड/पोष्टपेड सबैमा यो सुविधा उपलब्ध हुनेछ ।

यस अन्तर्गत कम्पनीकै नेटवर्कमा जीएसएम/सीडीएमएका प्रिपेड ग्राहकले २०० रुपैयाँमा ६५ मिनेट भ्वाइस कल गर्न तथा १२५ एमबी डाटा चलाउन र २५ वटा एसएमएस पठाउन सक्ने छन् । त्यसैगरी कम्पनीकै नेटवर्कमा जीएसएम/सीडीएमए पोष्टपेड प्रिपेडका ग्राहकले ४०० रुपैयाँमा १५० मिनेट भ्वाइस कल गर्न, ३०० एमबी डाटा चलाउन र ५० वटा एसएमएस पठाउन सक्ने छन् । यो बाहेक ७०० रुपैयाँमा ३०० मिनेट भ्वाइस कल गर्न, ८०० एमबी डाटा चलाउन र १०० वटा एसएमएस पठाउन सकिने छ । १००० रुपैयाँमा ४५० मिनेट भ्वाइस कल गर्न, १५०० एमबी डाटा चलाउन र १५० वटा एसएमएस पठाउन, १३०० रुपैयाँमा ६०० मिनेट भ्वाइस कल गर्न, २१०० एमबी डाटा चलाउन र २०० वटा एसएमएस पठाउन तथा १६०० रुपैयाँमा ७५० मिनेट भ्वाइस कल गर्न, २७०० एमबी डाटा चलाउन र २५० वटा एसएमएस पठाउन सकिने छ ।

**१२. भिडियो र टीभी प्रतिघण्टा प्याक**

यस अन्तर्गत २० रुपैयाँमा भिडिओ र टीभी प्रतिघण्टा हेर्न तथा ४०० एमबी डाटा चलाउन सकिने छ । जसमा १५ रुपैयाँको स्ट्रिमिङ र ५ रुपैयाँको वाउ टीभी हेर्न सकिने छ । त्यसैगरी ३५ रुपैयाँमा भिडियो र टीभी २ घण्टा हेर्न तथा ८०० एमबी डाटा चलाउन सकिने छ । जसमा २८ रुपैयाँको स्ट्रिमिङ र ७ रुपैयाँको वाउ टीभी हेर्न सकिने छ । साथै ५० रुपैयाँमा भिडियो र टीभी ३ घण्टा हेर्न तथा १२०० एमबी डाटा चलाउन सकिने छ । जसमा ४१ रुपैयाँको स्ट्रिमिङ र ९ रुपैयाँको वाउ टीभी हेर्न सकिने छ । यसको समयावधि २४ घण्टाको हुनेछ ।

**१३. एसएमएस प्याक**

जीएसएम प्रिपेड/पोष्टपेड तथा सीडीएमए प्रिपेड/पोष्टपेड मोबाइलमा एसएमएस प्याक प्रयोग गर्न सकिने छ । यो प्याक अन्तर्गत ५ रुपैयाँमा १ दिनसम्म उपभोग गर्न पाउने गरी २० वटा एसएमएस र थप २५ प्रतिशत बोनस एसएमएस समेत उपलब्ध गराइएको छ । यसरी १५ रुपैयाँमा ७ दिनसम्म उपभोग गर्न पाउने गरी ७० वटा एसएमएस र ६० रुपैयाँमा २८ दिनसम्म उपभोग गर्न पाउने गरी ३०० वटा एसएमएस गर्न सकिने छ र यसमा पनि थप २५ प्रतिशत बोनस एसएमएस उपलब्ध गराइएको छ ।

**१४. एफटीटीएच व्यक्तिगत प्याकेज**

नेपाल टेलिकमले एफटीटीएच अन्तर्गत व्यक्तिगत ग्राहकका लागि विभिन्न प्याकेजको व्यवस्था गरेको छ । व्यक्तिगत तर्फ ८ एमबीपीएस गतिको एफटीटीएच प्याकेज अन्तर्गत १ महिनाका लागि ८०० रुपैयाँ, ३ महिनाका लागि २३०० रुपैयाँ, ६ महिनाका लागि ४३०० रुपैयाँ र १ वर्षका लागि ८००० रुपैयाँमा उपलब्ध गराइएको छ । त्यसैगरी १८ एमबीपीएस गतिको एफटीटीएच प्याकेज अन्तर्गत ३ महिनाका लागि ४६०० रुपैयाँ, ६ महिनाका लागि ७००० रुपैयाँ र १ वर्षका लागि १२००० रुपैयाँमा उपलब्ध गराइएको छ । साथै ३५ एमबीपीएस गतिको एफटीटीएच प्याकेज अन्तर्गत ३ महिनाका लागि ५७०० रुपैयाँ, ६ महिनाका लागि ९२०० रुपैयाँ र १ वर्षका लागि १६००० रुपैयाँमा तथा ५५ एमबीपीएस गतिको एफटीटीएच प्याकेज

(बाँकी ३ पेजमा)

# वाइम्याक्समा प्रमोसनल अफर

नेपाल टेलिकमले वाइम्याक्स (WiMAX) सेवाको प्रमोसनल अफर अन्तर्गत अनलिमिटेड डाटा प्याकेजलगायत विभिन्न प्याकेज उपलब्ध गराइरहेको छ।

सो अफर गत असोज १ देखि आरम्भ भएको हो। अफर आगामी मंसिर २९ गतेसम्म उपलब्ध हुनेछ। यस अन्तर्गत अनलिमिटेड डाटामा थप कर लाग्ने छैन भने भोल्युम बेस्ड प्याकेजमा थप कर लाग्ने छ।

सो अनुसार व्यक्तिगत प्रयोगकर्ताहरुलाई ५१२ केबीपीएस स्पिडको अनलिमिटेड डाटा भोल्युम १५ सय रुपैयाँमा उपलब्ध गराइने छ। सो प्याकेज चलाउने समयावधि एक महिना हुनेछ। गाउँपालिकाहरुका लागि यही क्षमताको प्याकेज १ हजार रुपैयाँमा उपलब्ध गराइने छ।

त्यसैगरी २ एमबीपीएस गतिसम्मको वाइम्याक्सको विभिन्न भोल्युम बेस्ड प्याकेज उपलब्ध गराइने छ। यसअनुसार १५ दिनका लागि ५ सय रुपैयाँमा १० जीबी, १ महिनाका लागि १ हजार रुपैयाँमा २० जीबी, ३ महिनाका लागि ३ हजार रुपैयाँमा ७० जीबी र ६ महिनाका लागि ६ हजार रुपैयाँमा १७५ जीबी भोल्युम उपलब्ध गराइने छ। १ बर्षका लागि १२ हजार रुपैयाँमा ५०० जीबी र २० हजार रुपैयाँमा १ हजार जीबी प्याकेज तथा १ वर्षे कर्पोरेट प्याकको रुपमा ३५ हजार रुपैयाँमा २३०० जीबी प्याकेज उपलब्ध गराइने छ।

वाइम्याक्स प्रयोगका लागि आवश्यक डिभाइस यूएसबी डोंगल सहित बन्डलिङ गरेर पनि प्याकेज उपलब्ध गराइने छ। यसअनुसार १ बर्षका लागि ६ हजार रुपैयाँमा २५० जीबी भोल्युम उपलब्ध गराइने छ। यस अन्तर्गत यूएसबी डोंगल निःशुल्क उपलब्ध गराइने छ।

Worldwide Interoperability for Microwave Access का छोटकरी रुप नै WiMAX हो। यो वायरलेस प्रविधिमा आधारित ब्रोडब्याण्ड इन्टरनेट सेवा हो। यो सेवाको बिक्री २०७० कात्तिक २७ देखि काठमाडौंबाट शुरु गरिएको हो। यसबाट कम्तिमा २५६ किलोबिट प्रतिसेकेन्ड (256 Kbps) को दरले डाटा ट्रान्सफर गर्न सकिन्छ।

यो प्रविधिबाट इन्टरनेट चलाउनको लागि सर्वप्रथम CPE (Customer Premises Equipment), जसलाई वाइम्याक्स मोडेम भनिन्छ, खरिद गर्नुपर्ने हुन्छ। यो उपकरण तिन किसिमको हुन्छ। Outdoor Unit (ODU) ले १० किलोमिटर क्षेत्रभित्र इन्टरनेट चलाउन सकिन्छ भने Indoor Unit (IDU) ले ३ किलोमिटर क्षेत्र भित्र इन्टरनेट चलाउन सकिन्छ। त्यसैगरी WiFi सुविधायुक्त USB Dongle मार्फत Desktop, Laptop, Smart Phone / Ipad मा एकै पटक इन्टरनेट चलाउन सकिन्छ।

नेपाल टेलिकमको टावरदेखि २ किलोमिटरसम्म दुरी भएको स्थानमा WiMAX सुविधा उपभोग गर्नका लागि USB Dongle भए पुग्छ। यसलाई बोकेर नेपाल भर जहाँ पनि लैजान र सेवा उपभोग गर्न सकिन्छ। धेरै कम्प्युटरमा यही प्रविधिबाट इन्टरनेट चलाउनु पर्‍यो भने IDU तथा ODU को प्रयोग गर्नुपर्छ। यसै मार्फत वाइफाई प्रविधि सेवा उपभोग गर्न सकिन्छ। यदि टावर अलि टाढा अर्थात ५ देखि १० किलोमिटरसम्मको दुरीमा छ भने ODU को उपयोग गर्न सकिन्छ। ODU लाई छत वा अलि अग्लो स्थानमा राखेर केबुल मार्फत इन्टरनेट चलाउन सकिन्छ।

वाइम्याक्स सपोर्टको लागि कम्पनीको सुन्धारास्थित ग्राहक सेवा केन्द्रको नम्बर ४२३९८१६ र ४२३९८१७ मा सम्पर्क राख्न सकिन्छ। यो वाहेक wimax@ntc.net.np मा इमेल गरेर आवश्यक जानकारी लिन पनि सकिन्छ। काठमाडौं बाहेक बाहिरका स्थानमा भने नजिकको दूरसञ्चार कार्यालयमा सम्पर्क राख्न सकिन्छ।

# टेलिकमको आकर्षक Autumn ...

(२ पेजको बाँकी)

अन्तर्गत ३ महिनाका लागि ६३०० रुपैयाँ, ६ महिनाका लागि १०,३०० रुपैयाँ र १ वर्षका लागि १८,४०० रुपैयाँमा उपलब्ध गराइएको छ।

### १५. एफटीटीएच कर्पोरेट युजर प्याकेज

नेपाल टेलिकमले एफटीटीएच अन्तर्गत कर्पोरेट ग्राहकका लागि विभिन्न प्याकेजको व्यवस्था पनि गरेको छ। कर्पोरेट तर्फ १० एमबीपीएस गतिको एफटीटीएच प्याकेज अन्तर्गत ३ महिनाका लागि १९,५०० रुपैयाँ, ६ महिनाका लागि ३६,८०० रुपैयाँ र १ वर्षका लागि ६९,००० रुपैयाँमा उपलब्ध गराइएको छ।

### १६. एडीएसएल भोल्युम प्याक

नेपाल टेलिकमले भोल्युम बेस्ड एडीएसएल इन्टरनेट प्याकेज ५ एमबीपीएस सम्मको गतिमा १५ जीबी डाटा २०० रुपैयाँमा ३० दिनसम्मका लागि उपलब्ध गराएको छ। त्यसैगरी ५ एमबीपीएस सम्मको गतिमा २५ जीबी डाटा ३०० रुपैयाँमा र ४० जीबी डाटा ४०० रुपैयाँमा ३० दिनसम्मका लागि उपलब्ध गराएको छ।

### १७. एडीएसएल अनलिमिटेड प्याक

अनलिमिटेड एडीएसएल इन्टरनेट प्याक ५ एमबीपीएससम्मको गतिमा ८०० रुपैयाँमा ३० दिनसम्मका लागि उपलब्ध गराएको छ। त्यसैगरी ५ एमबीपीएससम्मको गतिमा ४३०० रुपैयाँमा १८० दिनसम्म र ८००० रुपैयाँमा ३६० दिनसम्मका लागि उपलब्ध गराइएको छ।

### १८. एक घण्टा अनलिमिटेड प्याक

यस प्याक अन्तर्गत कम्पनीकै नेटवर्कमा जीएसएम/सीडीएमएका ग्राहकले १८ रुपैयाँमा प्याक एक्टिभ भए पश्चात १ घण्टासम्म निरन्तर भ्वाइस, एसएमएस र डाटा असीमित रुपमा प्रयोग गर्न सक्ने छन्।

### १९. विद्यार्थी अफर

यस अफर अन्तर्गत कम्पनीकै नेटवर्कमा विद्यार्थीहरुले १० रुपैयाँ बराबर कल गर्न, डाटा खरिद गर्न वा एसएमएस गर्न वा यी सबै सेवा प्रयोग गर्न सक्ने छन्। त्यसैगरी बाँकी ४० रुपैयाँमा ४० मिनेट कल गर्न, ६० एमबी डाटा खरिद गर्न र २० वटा एसएमएस गर्न सकिने छ। यी सबै सुविधा ३० दिनभित्र उपभोग गरिसक्नु पर्नेछ। साथै बोनसको रुपमा कम्पनीकै नेटवर्कमा विद्यार्थीहरुले प्रति महिना ४० मिनेट भ्वाइस कल गर्न, ६० एमबी डाटा चलाउन र २० वटा एसएमएस पठाउन सक्ने छन्। यो सुविधा उपभोग गर्ने समयावधि ७ दिनको हुनेछ। प्रति महिना प्राप्त हुने उपरोक्त बोनस ६ महिनासम्म उपलब्ध हुनेछ।

साथै विद्यार्थीहरुलाई ५० रुपैयाँको रिचार्जमा १० मिनेटको भ्वाइस, ५० एमबी डाटा बोनस उपलब्ध हुनेछ। यो सुविधा उपभोग गर्ने समयावधि ३ दिनको हुनेछ। रिचार्ज बोनस ५० रुपैयाँ वा सो भन्दा माथिको रिचार्जमा उपलब्ध हुनेछ। रिचार्जमा प्राप्त हुने उपरोक्त बोनस एक वर्षसम्म उपलब्ध गराइने छ।

### २०. इन्डिया कल अफर

नेपालबाट भारतमा कल गर्नका लागि सस्तो दरको प्याकेज लिन सकिने भएको छ। यसका लागि कम्पनीले डेली प्याक, विक्ली प्याक र मन्थ्ली प्याक गरी तीन प्रकारको प्याक अफर ल्याएको छ। डेली प्याक अन्तर्गत ३५ रुपैयाँमा १५ मिनेट कल गर्न सकिने छ। सो प्याक १ दिनका लागि मात्र उपलब्ध हुनेछ। त्यसैगरी विक्ली प्याक अन्तर्गत १५० रुपैयाँमा ६५ मिनेट र मन्थ्ली प्याक अन्तर्गत ५०० रुपैयाँमा २१५ मिनेट कल गर्न सकिने छ। यी प्याक क्रमशः ७ दिन र एक महिनासम्म प्रयोग गर्न सकिने छ।

### २१. मिस्ड कल अलर्ट

यो सेवाबाट सेवाग्राहीको नम्बर व्यस्त भएको अवस्थामा, नेटवर्क नभएको अवस्थामा र स्वीच अफ भएको अवस्थामा कसैको कल आएमा पछि त्यसको बारेमा एसएमएस मार्फत नोटिफिकेसन आउनेछ। यो सेवा लिन मासिक ६ रुपैयाँ शुल्क लाग्ने छ। यो सुविधाको समयावधि ३० दिनको हुनेछ।

### २२. एफटीटीएचमा निःशुल्क भ्वाइस

एफटीटीएच सेवालाई प्रवर्द्धन गर्न थप ९० दिनसम्म कम्पनीकै नेटवर्कभित्र निःशुल्क भ्वाइस सेवा उपलब्ध गराइएको छ। यसअनुसार यो अफर आगामी माघ ७ गतेसम्म उपलब्ध हुनेछ। यो सेवा पुराना तथा नयाँ ग्राहकलाई उपलब्ध हुनेछ।

विभिन्न प्याकेज प्राप्त गर्नका लागि ग्राहकले *1415# मा डायल गर्नु पर्ने छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत पनि यस सम्बन्धी जानकारी लिन सकिन्छ।

*(माथि उल्लेख गरिएका सबै दरहरु करसहितका हुन्।)*

# मितव्ययी रुपमा डक्ट पाइप बिछ्याउँदै



नेपाल टेलिकमले जनकपुरका विभिन्न स्थानमा खानेपानीको पाइप बिछ्याउन खनिएको ट्रेन्चमा कम्पनीको ४०/३३ को 3 Way OFC डक्ट पाइप बिछ्याउने कार्य तदारुकताका साथ गरिरहेको छ। सडकको दुवै किनारामा सो डक्ट पाइप बिछ्याउने कार्य सम्पन्न भए पश्चात कम्पनीको नयाँ लाइन सञ्चालन गर्न तथा एफटीटीएच प्रविधिको फाइबर इन्टरनेट उपलब्ध गराउन सहज हुने छ।

हाल दूरसञ्चार कार्यालय जनकपुर अन्तर्गत करिब १० हजार पीएसटीएन लाइन उपलब्ध गराउन सकिने क्षमता छ। तर सो क्षेत्रको करिब १८ किलोमिटर सडक चौडा गर्ने क्रममा कम्पनीका करिब ८ हजार लाइन अबरुद्ध भएका छन्। अबरुद्ध लाइन सञ्चालन गर्ने उद्देश्यले जनकपुर नगरपालिका तथा जनकपुर खानेपानी कार्यालयसँग सहकार्य गर्दै कम्पनीले डक्ट पाइप बिछ्याएको हो।

खानेपानीको पाइप बिछ्याउन खनिएको ट्रेन्चमा कम्पनीको डक्ट पाइप बिछ्याउँदा कम्पनीलाई थप आर्थिक भार नपर्ने र पटकपटक सडक भत्काउनु पर्ने स्थिति पनि नआउने भएकाले यो कार्य विकास निर्माणको एउटा उदाहरणीय मितव्ययी कार्य हुन गएको छ।

आगामी दिनमा सो क्षेत्रमा सबै पीएसटीएन लाइन सञ्चालनमा ल्याइने र एफटीटीएच सहितको सेवा उपलब्ध गराउन सकिने छ। क्षेत्रीय निर्देशनालय वीरगञ्ज र दूरसञ्चार कार्यालय जनकपुरको पहलमा सो कार्य सफलतापूर्वक सम्पन्न हुने तरखरमा छ।

# कम्पनीको चाडपर्व अफर

नेपाल टेलिकमले नेपालीहरुको महत्वपूर्ण चाडपर्वहरु: बडा दशैं, तिहार, छठ आदिको उपलक्ष्यमा विगत वर्षहरुमा जस्तै यस वर्ष पनि कम्पनीका सेवाहरुमा विभिन्न छुट तथा अफरहरुका प्याकेज उपलब्ध गराएको छ। यसरी उपलब्ध गराएका प्याकेजहरु निम्नानुसार रहेका छन् :

**१. अनलिमिटेड प्याक :** यस अफर अन्तर्गत जीएसएम तथा सीडीएमए मोबाइलमा अनलिमिटेड भ्वाइस र अनलिमिटेड एसएमएस सेवा उपभोग गर्न सकिने छ। रु. ६००।- मा १५ दिन समयावधिको लागि प्रत्येक दिन २ जीबी प्याक उपलब्ध गराइने छ। सो प्याक अन्तर्गत १ जीबी पिक आवर (बिहान ६ बजेदेखि राती १० बजेसम्म) र १ जीबी अफपिक आवर (राती १० देखि बिहान ६ बजेसम्म) प्रयोग गर्न सकिन्छ। सोही प्याक ७ दिन समयावधिका लागि मात्र रु. ३००।- मा समेत उपलब्ध हुनेछ।

सो प्याक लिने सेवाग्राहीलाई वाउटाइम (WOW Time) र म्युजिक नेपालको म्युजिक स्ट्रिमिङ सर्भिस निःशुल्क उपलब्ध गराइने छ।

**२. भ्वाइस प्याक :** यस अन्तर्गत रु. ६।- मा ६० मिनेट भ्वाइस सुविधा निरन्तर उपभोग गर्न सकिने छ। एक दिनका लागि मात्र उपलब्ध हुने सो सुविधा बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म उपभोग गर्न सकिने छ।

भ्वाइस सुविधा नेपाल टेलिकमको नेटवर्कमा मात्र प्रयोग गर्न सकिने छ।

**३. डाटा प्याक :** यस अन्तर्गत ३६ एमबी डाटा रु. ६।- मा एक दिनका लागि उपलब्ध हुनेछ। सो डाटा पनि बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म उपभोग गर्न सकिने छ।

**उपरोक्त अफरहरु गत असोज २४ देखि कात्तिक ७ गतेसम्म खरिद गर्न सकिने व्यवस्था थियो। त्यसैगरी आगामी कात्तिक १६ देखि ३० गतेसम्म पनि यी अफरहरु खरिद गर्न सकिने छ।**

उल्लिखित अफरहरु अन्तर्गतका विभिन्न प्याकेज प्राप्त गर्न उपभोक्ताले *1415*9# डायल गर्नु पर्नेछ। कम्पनीको एप 'नेपाल टेलिकम' बाट पनि प्याकेज खरिद गर्न सकिन्छ। त्यसैगरी कम्पनीको वेबसाइट www.ntc.net.np मार्फत पनि यस सम्बन्धी विस्तृत जानकारी लिन सकिन्छ।

**४. रिचार्जमा बोनस :** असोज २९ देखि कात्तिक ४ गतेसम्म रिचार्ज कार्ड, इलेक्ट्रोनिक रिचार्ज (ERC) वा एम्पोस (MPoS) बाट रिचार्ज गर्दा बोनस प्रदान गरिएको छ। रु. १००।- र २००।- को रिचार्ज कार्ड वा इलेक्ट्रोनिक रिचार्ज मार्फत रिचार्ज गर्दा १० प्रतिशत र रु. ५००।- र १०००।- को रिचार्ज कार्ड वा इलेक्ट्रोनिक रिचार्जबाट रिचार्ज गर्दा १५ प्रतिशत बोनस उपलब्ध गराइएको छ। रु. १००।- र २००।- को बोनस ३ दिनभित्र र रु. ५००।- र १०००।- को बोनस ५ दिनभित्र उपभोग गरिसक्नु पर्ने व्यवस्था छ।

त्यसैगरी एम्पोसबाट जतिसुकै दरको रिचार्ज गर्दा पनि १५ प्रतिशत बोनस उपलब्ध हुने र सो बोनस ५ दिनभित्र उपभोग गरिसक्नु पर्ने व्यवस्था छ।

**आगामी कात्तिक १९ देखि २५ गतेसम्म पनि यही दरमा बोनस उपलब्ध हुनेछ।**

**५. एडीएसएल/एफटीटीएच/वाइम्याक्स :** आगामी कात्तिक २१ देखि २६ गतेसम्म समयावधि समाप्त हुने एडीएसएल/एफटीटीएच/वाइम्याक्स सेवाका ग्राहकहरुको समयावधि कात्तिक २७ गतेसम्म थप गरिने भएको छ। यसबाट बीचैमा समययावधि सकिए पनि ग्राहकहरुको सेवा सुचारु भइरहने छ।

त्यस्तैगरी कम्पनीले बडा दशैंको उपलक्ष्यमा पनि गत असोज ३० देखि कात्तिक ६ गतेसम्म समयावधि समाप्त हुने एडीएसएल/एफटीटीएच/वाइम्याक्स सेवाका ग्राहकहरुको समयावधि कात्तिक ७ गतेसम्म थप गरेको थियो।

# LTE Roaming सेवा आरम्भ

नेपाल टेलिकमले विश्वका विभिन्न मुलुकका दूरसञ्चार सेवा प्रदायक (Roaming Partner) का ग्राहकहरुका लागि LTE Roaming सेवा आरम्भ गरेको छ। गत भाद्र १५ गते चाइना मोबाइल इन्टरनेसनल लिमिटेडसँग सेवा सम्झौता गरी उक्त सेवा आरम्भ गरिएको छ। यो भन्दा पहिले सेवा सञ्चालनको लागि आवश्यक परीक्षण समेत सम्पन्न भइसकेको छ।

कम्पनीको नेटवर्कमा आवद्ध भई दूरसञ्चार सेवा उपभोग गर्ने विश्वका विभिन्न देशका दूरसञ्चार सेवा प्रदायकका ग्राहकले यसको उपभोग गर्न सक्ने छन्। नेपाल टेलिकमले यो भन्दा पहिले जीएसएम मोबाइल अन्तर्गत इन्टरनेसनल रोमिङ सेवा प्रदान गरिरहेको थियो।

नेपालमा २०१७ जनवरी १ अर्थात वि. सं. २०७३ पुस १७ देखि फोरजी एलटीई सेवा शुभारम्भ भएको थियो। तर विदेशबाट नेपालमा विभिन्न कार्यका लागि आउने दूरसञ्चार सेवा प्रदायकका ग्राहकहरुले एलटीई रोमिङको उपभोग गर्न पाएका थिएनन्। अब भने ती ग्राहकले एलटीई रोमिङ सेवा समेत उपभोग गर्न सक्ने छन्।

नेपाल टेलिकमले सन् २००१ देखि भारतको एयरटेलमार्फत पहिलो पटक अन्तर्राष्ट्रिय रोमिङ सेवा आरम्भ गरेको थियो। त्यसपछि भोडाफोन कतारमार्फत सन् २०१३ नोभेम्बर १५ मा डाटा रोमिङको समेत सुरुवात गरियो। हाल विश्वका ८२ देशका २९९ दूरसञ्चार सेवा प्रदायक (Roaming Partner) सँग भ्वाइस, एसएमएस र डाटा सहितको अन्तर्राष्ट्रिय रोमिङ सेवा उपलब्ध छ।

आगामी दिनमा अन्य Roaming Partner सँग पनि आवश्यक परीक्षण र सेवा सम्झौता गरी LTE Roaming सेवा विस्तार गर्दै लाने कार्यक्रम रहेको छ। साथै कम्पनीका ग्राहक विदेश भ्रमण गर्दा समेत सो सेवा उपलब्ध गराउने कार्य अगाडि बढाइएको छ। रोमिङ सेवा उपलब्ध भए पश्चात एक देशबाट अर्को देशमा गएको समयमा समेत आफूले प्रयोग गरिरहेको सेवा प्रदायकको मोबाइल नम्बर नै प्रयोग गर्न सकिन्छ।

सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा
e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ।

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Shobhan Adhikari**
Editor : **Laxman Adhikari,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**